नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राष्ट्रिय अनुसन्धान विभाग

वरफवाग, सिंहदरवार

## (मोटरसाईकल, साईकल लगायतका अन्य विविध मालसामानहरु)
## लिलाम विक्री गर्ने बारेको बोलपत्र आव्हान सम्बन्धी सूचना ।
## (प्रथम पटक प्रकाशित मिति २०७७०२।२९)

यस विभागमा भएका पुराना सवारी साधनहरु (मोटरसाईकल, साईकल), स्टिल एवं काठका फर्निचरहरु, कम्प्यूटर, फ्याक्स, प्रिन्टर फोटोकपी मेशिन, क्यामरा लगायतका कार्यालय सम्वन्धी मालसामानहरु जहां जे जस्तो अवस्थामा छन् सोही अवस्थामा अलग अलग लटमा सिलबन्दी वोलपत्रको माध्यमद्धारा लिलाम विक्री गरिने भएकोले ईच्छुक महानुभावहरुवाट तपसिल बमोजिमको रित पुगेको सिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

१. यो सूचना गोरखापत्र दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले १५(पन्ध्र)औं दिनको कार्यालय समय भित्र वोलपत्रदाताले नागरिकताको प्रतिलिपि सहित आफूले लिन चाहेको सामानको लट नं. उल्लेख गरी रु.१०।- को टिकट टांसी निवेदन दिएपछि यस विभागको जिन्सी शाखाबाट वोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. प्रत्येक लटका सामानहरुको लागि छुट्टाछुट्टै शिलबन्दी बोलपत्र राख्नु पर्नेछ । खाम वाहिर वोलपत्रदाताको नाम र आफूले कबोल गर्ने सामानको नाम एवं लट नं. स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

३. बोलपत्रदाताले लिन चाहेको सामानको लागि प्राप्त वोलपत्र फाराममा आफूले कवोल गरेको अंक र अक्षर दुवैमा स्पष्ट खुलाई लठ नं. समेत उल्लेख गर्नुको साथै दस्तखत सहित खाममा शिलबन्दी गरी बोलपत्र फाराम यो सूचना गो.प.मा. प्रथमपटक प्रकाशित भएको मितिले १६ (सोह्र)औं दिनको १२:०० वजे भित्र यस विभागको दर्ता शाखामा दर्ता गराई सक्नु पर्नेछ । अंक र अक्षरमा फरक दरभाउ रकम उल्लेख गरेमा अक्षरमा उल्लेखित दर कायम गरिनेछ । आफूले कवोल गरेको अंकमा न्यूनतम १०% ले हुने रकम धरौटी वापत बोलपत्र फाराम साथ को.ले.नि.का काठमाण्डौ भुक्तानी केन्द्र ४, सिंहदरवारस्थित एभरेष्ट वैंक लिमिटेडको धरौटी खाता नं. ००१००१०५२०१२६८ मा रकम जम्मा गरेको सक्कल प्रति वैङ्क भौचर वा मान्यता प्राप्त वाणिज्य वैङ्कहरुवाट यस विभागको नाममा जारी गरेको वैङ्क ग्यारेण्टी (विडवण्ड) पेश गर्नु पर्नेछ ।

४. म्याद भित्र पर्न आएका रितपूर्वकका बोलपत्रहरु १६ (सोह्र)औं दिन दिनको १४:०० वजे उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस विभागमा खोलिने छ । कारणवस बोलपत्र पेश गर्ने वा खोलिने दिन विदा परेमा बोलपत्र पेश गर्ने वा खोल्ने काम सोको भोलिपल्ट सोही समयमा हुनेछ । बोलपत्र खोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि तोकिएको मिति र समयमा बोलपत्र खोलिने छ ।

५. बोलपत्र उपर निर्णय भइसकेपछि स्वीकृत बोलपत्रदाताले ७ (सात) दिन भित्र आफूले बोलकवोल गरेको अंकमा मूल्य अभिवृद्धि कर(भ्याट) थप सहित हुन आउने जम्मा रकम राजश्व दाखिला गरेको वैंक भौचर यस विभागमा पेश गरी आफूलाई परेको सामानहरु उठाई लैजानु पर्नेछ । म्याद भित्र सो सामानहरु उठाई लैजान नसकेमा धरौटी वापतको रकम जफत हुनेछ । अस्वीकृत भएको बोलपत्रदाताहरुको धरौटी रकम निर्णय भएपछि फिर्ता गरिनेछ ।

६. रित नपुगेको तथा म्याद नाघि आएको र विभिन्न सर्तहरु उल्लेख गरेको बोलपत्रमाथि कुनै कारवाही हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विभागमा सुरक्षित रहने छ । अन्य कुराहरु बुझ्न वा लिलाम गरिने सामानहरु हेर्नु परेमा कार्यालय समय भित्र यस विभागको जिन्सी शाखामा सम्पर्क राख्न सकिने छ ।

७. लिलाम सम्बन्धी अन्य उल्लेख नभएका विषयको हकमा प्रचलित ऐन नियम अनुसार तय भए वजोजिम हुनेछ ।

तपसिल

| लट नं. | सामानको विवरण | परिमाण | न्यूनतम दर रु. (मू.अ.कर वाहेक) | बोलपत्रफाराम दस्तुर |
|---|---|---|---|---|
| १ | मोटरसाईकल:- यामाहा YBX १६(सोह्र) थान, यामाहा क्रक्स ५(पांच) थान | २१(एकाईस) थान | रु.९७,०००।- | रु.३००।- |
| २ | साईकल, काठ, तथा स्टिलका फर्निचर, कम्प्यूटर, फ्याक्स मेशिन, प्रिन्टर, फोटोकपी मेशिन, क्यामरा, लगायतका विभिन्न कार्यालय अन्य मालसामानहरु | | रु.९०८१८।- | रु.३००।- |